यो आकाशवाणी हो।

May 12th,  2025   Monnday

प्रमुख समाचार:

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज राति ८ बजे राष्ट्रलाई सम्बोधन गर्नुहुने
- प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा रक्षा तथा विदेश मन्त्रीहरू एवं सुरक्षा बलका प्रमुखहरूसित उच्चस्तरीय बैठक सम्पन्न
- अस्थायी रूपमा बन्द गरिएका ३२ विमानस्थलहरू पुनः सञ्चालनमा आउने
- आज विश्वभर धार्मिक भक्तिभावका साथ बुद्ध पूर्णिमा मनाइँदै
- अनि टेस्ट क्रिकेटबाट सन्यास लिने विराट कोहलीको घोषणा

१. PM Address

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राति ८ बजे राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ। श्री मोदीको यो सम्बोधन पहलगाम आतंकवादी हमलापश्चात् भारतको अपरेशन सिन्दूर पछि भइरहेको छ। पहलगाम आतंकवादी हमलामा २५ भारतीय र एक नेपाली नागरिकको मृत्यु भएको थियो। बदलामा, भारतले पाकिस्तानमा रहेका धेरै आतंकवादी र सैन्य अड्डाहरू ध्वस्त पार्यो र १०० भन्दा बढी आतंककारीहरूलाई मारेको थियो। यसअघि दिउँसो प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रीय रक्षामन्त्री राजनाथ सिंह, विदेशमन्त्री एस. जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, रक्षा प्रमुख जनरल अनिल चौहान, तीनै सशस्त्र सेनाका प्रमुखहरू र धेरै वरिष्ठ अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो।

२. Defence Press Briefing

एयर अपरेशन महानिर्देशक एयर मार्शल एके. भारतीले भन्नुभएको छ, भारतको लडाई आतंककारीहरू र उनीहरूद्वारा समर्थित संरचना विरुद्ध हो, पाकिस्तानी सेना विरुद्ध होइन। उहाँले भन्नुभयो, पाकिस्तानी सेनाले हस्तक्षेप गर्नु र आतंककारीहरूको पक्ष लिनु दुर्भाग्यपूर्ण रह्यो। जसका कारण भारतीय सशस्त्र बलले यसको जवाफी कारवाही गर्नुपर्‍यो। अपरेशन सिन्दूरको बारेमा दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै, एयर मार्शल भारतीले अपरेशन सिन्दूरको समयमा सेनाले नागरिक र सैन्य पूर्वाधारमा न्यूनतम क्षति पुर्‍याएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो.......

(बाइट- एके भारती)

एयर मार्शल भारतीले अझै भन्नुभयो, भारतको युद्ध प्रणाली समयको परीक्षामा खरो उत्रिएको छ। उहाँले आकाश प्रणाली जस्ता स्वदेशी वायु रक्षा प्रणालीको उत्कृष्ट प्रदर्शनबारे चर्चा गर्नुभयो।

सैन्य अपरेशनका महानिर्देशक लेफ्टिनेन्ट जनरल राजीव घईले भारतीय सशस्त्र बल यसका लागि पूर्ण रूपमा तयार रहेको बताउनुभयो। उहाँले भन्नुभयो, पाकिस्तानी वायुसेनाले मे ९ र १० को रातमा भारतीय हवाई क्षेत्र र रसद प्रतिष्ठानहरूलाई लक्षित गर्ने प्रयास गर्दा तिनीहरूलाई बहु-स्तरीय काउन्टर ड्रोन र वायु रक्षा ग्रिडले रोकेको थियो। उहाँले भन्नुभयो, (बाइट- लेफ्टिनेन्ट जनरल राजीव घई)

उहाँले अपरेशन सिन्दूरको क्रममा तीनै बलबीच पूर्ण समन्वय रहेको बताउनुभयो। उहाँले भन्नुभयो, सरकार, विभाग र एजेन्सीहरू र देशका १४० करोड जनताको पूर्ण समर्थन छ।

नौसेना अपरेशनकाका महानिर्देशक भाइस एडमिरल एएन प्रमोदले भन्नुभयो, नौसेना एक समग्र सञ्जाल बलको रूपमा काम गर्दछ जुन सबै क्षेत्रहरूबाट उत्पन्न हुने खतराहरूलाई एकै साथ सम्बोधन गर्न सक्षम छ। भारत र पाकिस्तानका सैन्य अपरेशनका महानिर्देशकहरू बीच आज साँझ वार्ता हुने अपेक्षा गरिएको छ।

३. BJP - Sindoor

भारतीय जनता पार्टीले आज अपरेशन सिन्दूर मार्फत भारतले आतंकवाद विरुद्धको लडाईमा सम्पूर्ण विश्वलाई निर्णायक सन्देश दिएको बताएको छ। नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै पार्टी प्रवक्ता सम्बित पात्राले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदी पाकिस्तानलाई एक्लो पार्न र आतंकवाद विरुद्ध लड्न सहमति निर्माण गर्न बीस देशका नेताहरूसँग प्रत्यक्ष सम्पर्कमा हुनुहुन्छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ.... Signature Tune

४. NDMA Advisory

राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण-एनडीएमएले नागरिकहरूका लागि परामर्श जारी गरेको छ। मानिसहरूलाई कुनै पनि शंकास्पद वस्तुलाई नछुन भनिएको छ किनकि यो विस्फोटक हुन सक्छ। एनडीएमएले यदि मानिसहरूले कुनै शंकास्पद वस्तु देखेमा तुरुन्तै स्थानीय अधिकारीहरूलाई जानकारी गराउनुपर्छ पनि भनेको छ।

५. Flights Resumes

भारत र पाकिस्तानबीचको युद्धविरामपछि नागरिक उड्डयन सञ्चालनका लागि अस्थायी रूपमा बन्द गरिएका ३२ विमानस्थलहरू अब तत्काल प्रभावबाट खोलिएका छन्। यसअघि, यी ३२ विमानस्थलहरू यस महिनाको १५ तारिखसम्म नागरिक विमान सञ्चालनका लागि बन्द गरिएका थिए। भारतीय विमानस्थल प्राधिकरणले एक विज्ञप्तिमा यात्रुहरूलाई एयरलाइन्ससँग सिधै उडान स्थिति जाँच गर्न र नियमित अपडेटहरूको लागि एयरलाइन्सको वेबसाइटमा नजर राख्न सल्लाह दिएको छ।

६. PIB Fact Check

केन्द्र सरकारले दिएको पछिल्लो जानकारीमाअनुसार पाकिस्तानी सेनाको दाबीको पर्दाफास भएको छ। पत्र सूचना कार्यालयको तथ्य जाँच इकाईले पाकिस्तानले प्रमाणको रूपमा छेडछाड गरिएको फुटेज देखाएर आफ्ना जनतालाई भ्रमित गरिरहेको बताएको छ। यस कठिन समयमा, प्रत्येक

जानकारीलाई सावधानीपूर्वक जाँच गर्नु आवश्यक छ। यदि श्रोताहरूले शंकास्पद सामग्री, विशेष गरी भारतीय सशस्त्र बल वा वर्तमान अवस्थासँग सम्बन्धित कुनै पनि जानकारी भेट्नुभयो भने, कृपया PIB तथ्य जाँच इकाईलाई सूचित गर्न अनुरोध गरिन्छ। यस्तो सामग्री व्हाट्सएप नम्बर ८७९९७११२५९ र इमेल आईडी - Factcheck@pib.gov.in मा मा पनि साझा गर्न सकिन्छ।

७. NIA – Khalistani Arrest

राष्ट्रिय अनुसन्धान एजेन्सी-एनआईएले कुख्यात खालिस्तानी अतिवादी कश्मीर सिंह गलवाडीलाई पक्राउ गरेर ठूलो सफलता हासिल गरेको छ। कश्मीर सिंह लुधियानाका बासिन्दा हुन् र उनी २०१६ मा पञ्जाबको पटियालास्थित नाभा जेलबाट भागेका थिए।

१०.Nadda – Nurses Day

आज अन्तर्राष्ट्रिय नर्स दिवस हो। आधुनिक नर्सिङकी आमा फ्लोरेन्स नाइटिंगेलको जन्मदिनको सम्झनामा यो दिन मनाइन्छ। स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डाले नर्सहरूको कल्याण देशको स्वास्थ्य र राष्ट्रिय विकाससँग प्रत्यक्ष रूपमा जोडिएको बताउनुभएको छ।

११.Buddha Purnima

महात्मा गौतम बुद्धको जन्मजयन्तीको अवसरमा आज विश्वभर बुद्ध पूर्णिमा मनाइँदैछ। यसै दिन उहाँले बोधगयाको महाबोधि रूखमुनि ज्ञान प्राप्त गर्नुभएको थियो। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखर र प्रधानमन्त्री नरेन्द्र मोदीले बुद्ध पूर्णिमाको उपलक्ष्यमा शुभकामना व्यक्त गर्नुभएको छ।

12.Sports News

अब खेल समाचारः आर्चरी विश्वकप चरण-२ मा भारतको अभियान सात पदकका साथ समाप्त भएको छ। चीनको सांघाईमा भएको यस प्रतियोगितामा भारतले दुई स्वर्ण, एक रजत र चार कांस्य

पदक जितेको छ। विश्वकपको तेस्रो चरण जून ३ देखि ८ सम्म टर्कीको अन्टाल्यामा आयोजना हुनेछ। बिहारमा जारी खेलो इन्डिया युथ गेम्समा, महाराष्ट्रले ३२ स्वर्ण र २५ रजत सहित ८२ पदकसहित पदक तालिकामा प्रभुत्व जमाएको छ। कर्नाटक दोस्रो र राजस्थान तेस्रो स्थानमा छ। आज खेलकुदको नवौं दिन हो। विराट कोहलीले टेस्ट क्रिकेटबाट सन्यास लिने घोषणा गरेका छन्। उनले आफ्नो १४ वर्षे टेस्ट क्रिकेट करियरबाट सन्यास लिने खबर सामाजिक सञ्जालमा साझा गरेका छन्। विराट कोहलीको यो घोषणासँगै भारतीय टेस्ट क्रिकेटमा एक युगको अन्त्य भएको छ।

प्रमुख समाचार पुन: एकपटक

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज राति ८ बजे राष्ट्रलाई सम्बोधन गर्नुहुने
- प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा रक्षा तथा विदेश मन्त्रीहरू एवं सुरक्षा बलका प्रमुखहरूसित उच्चस्तरीय बैठक सम्पन्न
- अस्थायी रूपमा बन्द गरिएका ३२ विमानस्थलहरू पुनः सञ्चालनमा आउने
- आज विश्वभर धार्मिक भक्तिभावका साथ बुद्ध पूर्णिमा मनाइँदैछ।
- ५. अनि टेस्ट क्रिकेटबाट सन्यास लिने विराट कोहलीको घोषणा